**इप्पानले आगामी बजेटका लागि दिएका २६ बुँदे सुझाव:**

१. आ.व. २०८२/०८३ सम्म विद्युत उत्पादन गर्ने आयोजनालाई पहिलो १० वर्षसम्म शतप्रतिशत र त्यसपछि ५ वर्षसम्म ५० प्रतिशत आयकर छुट दिने व्यवस्था गरिएकोमा यसलाई बढाएर आर्थिक वर्ष २०९२/०९३ सम्म गरिनुपर्ने।

२. विद्युत आयोजनाको मर्मत सम्भारमा प्रयोगहुने मेसिनरी उपकरण आयातमा आर्थिक वर्ष २०७९/०८० सम्म भन्सार छुटहुने व्यवस्था रहेकोमा चालु आ.व. मा २८ प्रतिशत पुऱ्याउँदा ऊर्जा आयोजनाहरुको लागत धेरै बढ्न गएको र बाढीबाट क्षतिग्रस्त जलविद्युत् आयोजनाको पुर्ननिर्माणको लागि आयात गर्दा समेत छुट नभएर सामान भन्सार मै अड्कीएकोले भन्सार छुट गराउनु पर्ने।

३. विद्युतको बिक्रीलाई मूल्य अभिवृद्धि कर लाग्ने वस्तुका रुपमा व्यवस्था गरी दिनहुन जसले विद्युत् आयोजनालाई भ्याटमा दर्ता भई आयोजना निर्माण अवधिमा लाग्ने मिलान गर्नसकिने भएकोले आयोजनाको निर्माण लागतसमेत कम हुनगई नेपालमा उत्पादित विद्युत सस्तो र प्रतिस्पर्धी हुने छ।

४. चालू आर्थिक ऐनमा जलविद्युत आयोजनाको लागि आवस्यक मेसिनरी पार्ट्स, हाइड्रो मेकानीकल, इलेक्ट्रो मेकानिकल पार्ट्स, प्रसारणलाइनमा प्रयोगहुने टावर एवं उपकरणहरु आयात गर्दा आयोजना वा ठेकेदार कम्पनीले आयात गर्दा भन्सार महसुल छुट हुने भन्ने व्यवस्थाले जलविद्युत प्रवर्द्धक कम्पनीहरुले आयात गर्दा भन्सार छुटमा समस्या आएकोले आगामी आर्थिक ऐनमा जलविद्युत आयोजनाको प्रवर्द्धक कम्पनी भन्ने स्पष्ट व्यवस्था गरिदिनु।

५. निजी ऊर्जा उत्पादकहरुले आय कर छुट अवधिभर आयकर तिर्नु नपर्ने भएकोले स्रोतमा कर कट्टी (टीडीएस) गर्नु नपर्ने स्पष्ट व्यवस्था गरिदिनुहुन।

६.  उर्जा उत्पादक कम्पनीले आफ्नो आम्दानी ऊर्जा उत्पादन वा प्रसारण लाईन आयोजनामा लगानी गरेमा सो रकमलाई कटाई बाँकी रहेको रकममा मात्र आयकर लगाईने व्यवस्था गत बर्ष २०७९/०८० को बजेटमा समावेश भएकोमा यसलाई निरन्तरता गरिदिनु।

७.  सरकारको लक्ष्य अनुसार सन् २०३५ भित्र २८ हजार ५०० मेगावाट विद्युत उत्पादनका लागि करिब ६१ खर्ब लगानी आवश्यक पर्ने हुँदा सो लक्ष्य हासिल गर्नका ऊर्जा क्षेत्रमा बैंकको लगानी हरेक वर्ष २ प्रतिशतका दरले वृद्धि गर्दै आगामी १० वर्षमा २० प्रतिशत पुऱ्याउने गरी अनिवार्य व्यवस्था गरिदिनुहुन ।

८.  विद्युत नियमन आयोगले अनुमति दिएका आयोजनाहरुको बिना रोकटोक शेयर निष्काशन तथा हकप्रद सेयर निष्काशन गर्ने स्वीकृति गर्ने व्यवस्था गरिदिनुहुन र दुई अर्बभन्दा माथि पुँजी भएका ऊर्जा आयोजनाहरु विदेशी धितोपत्र बजारमा सुचीकृत गरिने व्यवस्था गरिदिनु ।

९. नेपालले कार्वनको व्यापार गर्न पाउने व्यवस्थामा सरलीकरण गरी नीजि लगानीबाट बनेका आयोजनाहरुले पनि यो सुविधा पाउने व्यवस्था गर्नुपर्ने।

१०.  बाढीबाट प्रभावित आयोजनाहरुलाई रोयल्टीमा छुट दिनुपर्ने।

११. सञ्चालनमा रहेका आयोजनाहरुको पार्टपूर्जा विदेशमा मर्मत तथा संभार गर्न परेमा विद्युत विकास विभागको सिफारिसबाट भन्सारमा रेकर्ड राखी लाने व्यवसथा मिलाउनु पर्ने।

१२. जलविद्युत आयोजनाहरुले विदेशबाट कर्जा लिन बैंकहरुले जमानत प्रदान गर्ने, सरल व्यवस्था लागु गरी  दिने र विदेशी लगानीलाई सहजीकरण गर्नुपर्छ।

१३. जलविद्युत पनि हरित उर्जा भएकोले यसको विकास र विस्तारका लागी 'ग्रिन क्लाइमेट फण्ड' खोजी गरी नेपाली बैंक तथा वित्तिय संस्थाबाट सरल शर्तका कर्जाको व्यवस्था गर्ने।

१४. विद्युत नियमन आयोगले  १० मेगावाटभन्दा साना जलविद्युत आयोजनाको हाइड्रोलोजी पेनाल्टी छुट गरेको र नेपाल विद्युत प्राधिकरणले १० मेगावाटसम्मका आयोजनाको विद्युत खरिद सम्झौता सधैंको लागि खुल्ला गरेको अवस्थामा १० मेवाभन्दा साना जलविद्युत आयोजनामा बैंक ऋण लगानीमा सहजीकरण गर्न र १५ वर्षसम्म पुरै र बाँकि ५ वर्षका ५० प्रतिशत आयकर छुटको व्यवस्था गर्नुपर्ने।

१५. ग्लोबल वार्मिङका कारणले जलविद्युत आयोजनाले पूर्व निर्धारित  विद्युत उत्पादन गर्न नसकेको अवस्थामा उत्पादन भएर १० वर्ष पुगेपछि एकैपटक आयकर र रोयल्टी तिर्नुपर्ने अवस्थाले आयोजनाहरुको वित्तिय व्यवस्था कमजोर हुने देखिएकोले आयकर र रोयल्टीमा ऋण नतिरुञ्जेलसम्मका लागि छुट गरिनु पर्ने।

१६. जलविद्युत आयोजना सञ्चालन गर्ने कम्पनीहरुलाइ मर्जरमा कर छुटको दिनु पर्ने नीति ल्याउनु ।

१७. भूकम्प, आर्थिक मन्दी, समयमै विष्फोटक पदार्थ उपलब्ध नहुनु, बैंकको तरलता लगायतका कारणले ऊर्जा आयोजनाहरुले समयमै आयोजना सम्पन्न गर्न कठिन भएपछि हामीले ती आयोजनाहरुको व्यापारिक उत्पादन मिति र उत्पादन अनुमतिपत्रको म्याद थपका लागि पहल गरिनु पर्ने।

१८. २८ हजार ५०० मेगावाट उत्पादन लक्ष्य कार्यान्वयनका लागि विद्युत विकास विभागमा जलविद्युत सर्वेक्षण अनुमतिपत्रको लागि रकम जम्मा गरिसकेर पनि वन मन्त्रालय अन्तर्गतको निकुञ्ज विभागबाट सैद्धान्तिक सहमति प्राप्त गर्न नसकी खारेज भएका वा रोकिएका सम्पूर्ण आयोजनाहरुको हकमा तुरुन्तै सर्वेक्षण अनुमतिपत्र दिने व्यवस्था गरिदिनुपर्ने।

१९. नेपालमा विद्युतको बढ्दो उत्पादनको बजार व्यवस्थापनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा विद्युत् व्यापार गर्नका लागि निजी क्षेत्रलाई विद्युत् व्यापार, प्रसारण लाईन निर्माण र हाइड्रोजन उत्पादनका लागि अनुमतिको व्यवस्था गर्नुपर्ने।

२०. नेपाल राष्ट्र बैंकले प्रकाशन गर्ने मूल्यवृद्धि सुचांक अनुसार पिपिए दरलाई समायोजन गरिने व्यवस्था मिलाउनु पर्ने।

२१. जलविद्युत आयोजनालाई स्वीकृत इआइए/आइइई मा निर्धारण गरिएको जग्गाको हदसम्मको जग्गा खरिद गर्दा हदबन्दी नलाग्ने व्यवस्था गरिनुपर्ने।

२२. घरायसी तथा औद्योगिक विद्युत् खपत विस्तार गर्नका लागि विद्युत्को वितरण तथा प्रसारण प्रणालीमा सुधार र ग्याँस विस्थापनका लागि ग्याँसमा दिइएको अनुदान खारेज गरी मिटर अपग्रेड गर्न र ईन्डक्सन चुलोमा अनुदान दिनु।

२३. सञ्चालनमा आएका जलविद्युत आयोजनाहरुले आयोजना क्षेत्रमा सौर्य विद्युत उत्पादन (बढीमा एक मेगावाटसम्म) विद्युत उत्पादन गर्न चाहेमा साविककै विद्युत खरिद दर अनुसार पीपीएको व्यवस्था गरिदिनुहुन ।

२५. जलासययुक्त आयोजनाहरुको प्रोत्साहनका लागि हाल भईरहेको पिपिए दर न्यून हुँदा निजी क्षेत्र आकर्षित हुन नसकेकाले पिपिए दर वृद्धि गरिदिनुपर्ने वा न्यून परिपुर्ति कोष (भिजिएफ) को व्यवस्था गर्नुपर्ने ।

२६. विद्युतीय सवारी साधानको आयात गर्दा, डिजेल/पेट्रोलको ईञ्जिनलाई ईलेक्ट्रिकमा परिणत गर्न आयात गरिने ईलेक्ट्रिक ईञ्जिन तथा घरायसी विद्युतीय सामानहरुमा शतप्रतिशत कर छुट दिने व्यवस्था गरिनुपर्ने।